लेटाङ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लेटाङ, मोरङ
कोशी प्रदेश, नेपाल

निर्णयहरू

मितिः२०८०/०६/१९

| सि नं | विषय | निर्णय |
|---|---|---|
| १ | समीक्षा सम्बन्धमा | मिति २०८०।०६।०४ गते बसेको कार्यपालिकाको बैठकको निर्णय कार्यान्वनको समीक्षा गरियो। |
| २ | ठेक्काको म्याद थप गर्ने सम्बन्धेमा। | सि.एम-जोशी जे.भी लाई राजारानी ताल सौन्दर्यकरण निर्माणको ठेक्का नं LM/MOR/MCB/W/11/ 2079-80 को ठेक्का म्याद सकिने मिति २०८०/०५/३० गते सम्म रहेको र निर्माण स्थाल सम्म सामाग्री आपूर्ति गर्न वर्षायामका कारण सडक असहज भएकाले काम गर्न नसकेको भनि मितिः२०८०/०५/०८ गते निवेदन माग बमोजिम पुस मसान्त सम्म म्याद थप गर्ने। |
| ३ | शनिबारे हाटबजार सम्वन्धमा। | लेटाङ नगरपालिका वडा नं ४ मा अवस्थित सनिवारे हाटको टहरा र सटरहरूका राजश्व संकलनको गर्ने साथै सम्पूर्ण जिम्मेवारी वडा नं ४ को कार्यालयलाई प्रदान गर्ने। |
| ४ | लागत सहभागिता सम्वन्धमा। | १.प्रधानमन्त्री रोजगार अन्तर्गतको कार्यक्रममा लेटाङ नगरपालिका समेतको साझेदारीमा सञ्चालन गरिने भएमा उपभोक्ताको नगद लागत सहभागिता नलिने।<br>२. तटबन्धन कार्यमा २०% सम्म श्रम सहभागिता जुट्ने भएमा नगर लागत सहभागिता गर्नु नपर्ने। |
| ५ | करार थप सम्वन्धमा। | लेटाङ नगरपालिका लघु उद्यम बिकास शाखामा उद्यम बिकास सहजकर्ताको रूपमा करार सेवामा सहायकस्तर चौथो तहमा कार्यरत श्री टिकामाया खड्का र श्री सुलचना तामाङ लाई २०८०/०४/०१ गते देखि लागुहुने गरी ३ महिना करार म्यादथप गरी नेपाल सरकारले तोकेबमोजिमको सेवा सुविधा उपलब्ध गराउने। |
| ६ | वजेट बिनियोजन सम्वन्धमा। | लेटाङ नगरपालिका वडा नं २ को नरसरी टोल, फडानी टोल, पुच्छर बुधबारे हाटखोला क्षेत्र पैत्तिसबिघेको पूर्वीधार र पश्चिमी धार तथा भुरपाल टोल समेतको क्षेत्रमा हात्ती नियन्त्रणका लागि बत्ति जडान गर्न लागत अनुमान बमोजिम रू४००००। बिनियोजन गर्ने। (बिपत व्यवस्थापन कोषबाट)<br>२. डिजिटल नागरिक वडापत्र इन्सटलेसनका लागि बिनियोजित रकम अपुग भएकाले लागत अनुमान अनुसार अपुग रकम रू १ लाख भैपरीचालु खर्च शिर्षक बाट बिनियोजन गर्ने। |
| ७ | भुक्तानी दिने सम्वन्धमा। | अगिल्लो आर्थिक बर्षमा श्रोत सुनिश्चितता हुन नसकी भुक्तानी हुन बाँकी देहायको भुक्तानी प्रदान गर्ने। |

| क्र.सं. | भुक्तानी हुनबाँकी विवरण | वडा नं. | रकम |
|---|---|---|---|
| १ | मेयरकप फुटबल तयारी खर्च | ७ | ५०००० |
| २ | योजना तर्जुमा कार्यक्रम खर्च | ७ | ५०००० |
| ३ | मेयरकप फुटबल तयारी खर्च | १ | १५३०० |
| ४ | समला डाँडामा बृक्षरोपण ढुवानी खर्च | ७ | २५००० |

भुपेन्द्रकुमार लावती
नगर प्रमुख

लेटाङ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लेटाङ मोरङ
कोशी प्रदेश नेपाल

| | | |
|---|---|---|
| ८ | चाडपर्व खर्च सम्बन्धमा। | १.लेटाङ नगरपालिकामा करारमा कार्यरत ६ महिना अवधी पूरा भएका करार कर्मचारीलाई खाइपाइ आएको एक महिना बराबरको तलब चाडपर्व खर्च उपलब्ध गराउने।<br>२.लेटाङ नगरपालिकामा डोरहाजिरीमा कार्यरत ६ महिना अवधी पूरा भएका कर्मचारीलाई देहाय बमोजिम चाडपर्व खर्च उपलब्ध गराउने।<br>श्रेणीबिहिन कर्मचारीको हकमाः रू २००००।<br>चौथो तहकालाईः रू २३०००।<br>डोरहाजिरीमा कार्यरत ६ महिना अवधी पूरा भएका कर्मचारीध्ये औषत रू२० हजार भन्दा कम पारिश्रमिक भुक्तानी हुने कर्मचारीको हकमा निजहरुले खाइपाइ आएको रकममा नवढाई चाडपर्व खर्च भुक्तानी गर्ने । |
| ९ | जनप्रतिनिधिको चाडपर्व खर्च सम्बन्धमा। | लेटाङ नगरपालिकामा निर्वाचित जनप्रतिनिधिहरूलाई गाउँ तथा नगरसभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन २०७५ को दफा ३ को उपदफा ४ मा भएको ब्यवस्था बमोजिम चाडपर्व खर्च रू १००००। का दरले उपलब्ध गराउने। |
| १० | भू उपयोग परिषदको निर्णय अनुमोदन | लेटाङ नगरपालिकाको मितिः२०८०/०६/११ गतेको नगर भू-उपयोग परिषदको देहाय बमोजिमको निर्णय अनुमोदन गर्ने। |

| | | |
|---|---|---|
| १ | सडक समावेश सम्बन्धमा। | यस लेटाङ नगरपालिकाको भू-उपयोग परिषद बाट तयार भएको GIS नक्सामा छुट भएको सडकहरूलाई प्राविधिक समितिको प्राप्त प्रतिवेदन बमोजिमको सडक अन्य सडकमा पर्नेगरी समावेश गर्ने निर्णय गरियो। |
| २ | अधिकार प्रत्यायोजन सम्बन्धमा। | यस लेटाङ नगरपालिका क्षेत्रभित्रका भू उपयोग नक्सामा छुट भएका सडकहरूलाई वडा सर्जमिनबाट सडक बर्गिकरण खुलाई भू-उपयोग नक्सा संसोधनका लागि सम्बन्धीत निकायमा सिफारिस गर्ने अधिकार वडा कार्यालयलाई प्रत्यायोजन गरियो। |

| | | |
|---|---|---|
| ११ | पुर्वाधार सेवा शुल्क, निकासी कर, हाटबजार कर सम्बन्धमा। | लेटाङ नगरपालिका राजश्व परामर्श समितिको मितिः२०८०/०६/११ गतेको बैठकबाट निर्धारण गरेको देहाय बमोजिमको पुर्वाधार सेवा शुल्क, निकासी कर, हाटबजार कर अनुमोदन गर्ने र यो निर्णयलाई आगामी नगरसभाबाट अनुमोदन गर्ने।<br>१. प्रस्ताव नं १ माथि छलफल गर्दा चालु आ.व.२०८०/८१ को लागि न्यूनतम रू पचासी लाख कायम गरी चार पटक सम्म वोलपत्र आह्वान गर्दा पनि बोलपत्र दर्ता हुन नआएकोले उक्त न्यूनतम रकम घटाई रू पच्पन्न लाख कायम गरी ७ दिने बिद्युतिय बोलपत्रको सूचना प्रकाशन गर्ने निर्णय अनुमोदन गर्ने।<br>२. प्रस्ताव नं २ माथि छलफल गर्दा लेटाङ नगरपालिका क्षेत्र भित्रबाट नगरपालिकाको क्षेत्र बाहिर भरोट माटो निकासी गर्दा प्रदेश आर्थिक ऐन अनुसार प्रति घन फिट रु ४।- राजश्व लिने राजश्व परामर्श समितिको मिति २०८०।०६।१८ को निर्णय अनुमोदन गर्ने। |

भुपेन्द्रकुमार लावती
नगर प्रमुख

लेटाङ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लेटाङ, मोरङ
कोशी प्रदेश, नेपाल

<table>
<tr><td></td><td></td><td></td></tr>
<tr><td>१२</td><td>भुक्तानी सम्बन्धमा।</td><td>वडा न ३ को किर्तिमान सिरान पिपल चोक पूर्वपश्चिम सडक ग्राभेल रु १५००००। चालु आ.व. को त्रिवेणी शितलमार्ग कालोपत्रे योजनाको वचत कन्टेन्जेन्सी रकमबाट भुक्तानी दिने।</td></tr>
<tr><td>१३</td><td>बजेट विनियोजन गर्ने सम्बन्धमा</td><td>लेटाङ नगरपालिका वडा नं ९ को गणेश मन्दिरको मुर्ति प्राण प्रतिस्थाको लागि रु २५०००। चालु तर्फको विविध कार्यक्रम खर्च शिर्षकबाट भुक्तानी गर्ने।</td></tr>
<tr><td>१४</td><td>बजेट विनियोजन गर्ने सम्बन्धमा</td><td>१.साझाको भवनमा कम्पाउण्ड वाल निर्माणको लागि लागत अनुमान रु ४६४९२४ अन्य सार्वजनिक निर्माण शीर्षकबाट विनियोजन गर्ने।<br>२.लेटाङ नगरपालिका वडा नं २ को पिपल चोक ठाडा टोल सडक ग्राबेल गर्नका लागि रू४८००० बिनियोजन गर्ने(अन्य सडक मर्मत सम्भार)</td></tr>
<tr><td>१५</td><td>कार्यपालिका वैठक सम्बन्धमा।</td><td>लेटाङ नगरपालिका नगर कार्यपालिकाको वैठक हरेक महिनाको पहिलो र तेस्रो शुक्रबार दिनको १ बजे देखि ४ बजेसम्म सञ्चालन गर्ने।</td></tr>
<tr><td>१६</td><td>राजस्व संकलन गर्ने सम्बन्धमा</td><td>लेटाङ नगरपालिका भित्रका मोरङ्गी, तेली र चिसाङ खोलाका निषेधित क्षेत्र बाहेकका ठाँउबाट खोला ठेक्का नलागुनजेल सम्मका लागि अमानतबाट राजस्व संकलन गर्न कार्यालयका देहायका कर्मचारी मिति २०८०।०६।२० देखि खटाउने निजहरूलाई प्रोत्साहन स्वरूप संकलित राजस्वको २.५ प्रतिशत दामासाहीले उपलब्ध गराउने।
<table>
<tr><th>क्रस</th><th>खोलाको नाम</th><th>खटिने कर्मचारीको नाम</th></tr>
<tr><td>१</td><td>तेली खोला</td><td>अम्बेर राई</td></tr>
<tr><td>२</td><td>मोरङ्गी खोला</td><td>विकल वि.क. रसाइली</td></tr>
<tr><td>३</td><td>चिस्याङ्ग खोला</td><td>चन्द्र वि.क.</td></tr>
</table></td></tr>
<tr><td>१७</td><td>संस्था दर्ता सम्बन्धमा।</td><td>संस्था दर्ताको लागि पेश हुन आएको शान्ति सामुदायिक पुस्तकालय तथा स्रोत केन्द्र, लेटाङ, मोरङ लाई लेटाङ नगरपालिका संस्था दर्ता ऐन, २०७८ को दफा ४ को उपदफा ३ बमोजिम संस्था दर्ता गर्ने र प्रमाणपत्र प्रदान गर्ने। संस्था दर्ताका लागि निवेदन दिने बि. वाइ. सी. लेटाङ – ९, मोरङ र जाँते भेटरान क्लब लेटाङ – ९, जाँते मोरङको विधान अध्ययनको लागि सामाजिक समितिमा पठाउने।</td></tr>
<tr><td>१८</td><td>भेरिएसन आदेश स्वीकृत गर्ने।</td><td>लेटाङ नगरपालिकाको न्यायिक समितिको हल निर्माणका लागि निर्माण व्यवसायी शशि निर्माण सेवासँग मिति २०८०।०३।२० मा सम्पन्न गर्ने गरी मिति २०७९/०९/०३ मा सम्झौता भएकोमा कार्यालयको आवश्यकता बमोजिम छत ढलान गर्न आवश्यक भएको भनी मिति २०८०।०३।१८ को कार्यालयको निर्णयानुसार मिति २०८०।०७।३० सम्म म्याद थप भएकोमा प्राविधिकले पेश गरेको रु. ३८९१८३।७३ बराबरको भेरिएस लेटाङ नगरपालिका सार्वजनिक खरिद नियमावलीको नियम १२७ को उपनियम १(ग) अनुसार स्वीकृत गर्ने। उक्त आयोजनामा अपुग हुने रकम निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्चबाट भुक्तानी गर्ने।</td></tr>
</table>

नगर प्रमुख

| | | |
|---|---|---|
| १९ | जग्गा प्राप्ति सम्बन्धमा। | लेटाङ नगरपालिका वडा नं. ५ स्थित आधारभूत स्वास्थ्य केन्द्र तथा वडा कार्यालयको भवन निर्माणका लागि जग्गादाताबाट निःशुल्क जग्गा प्रदान गर्ने सहमति भएकोले जग्गा प्राप्तिको लागि आवश्यक प्रक्रिया अगाडि बढाउने। |
| २० | अनुमोदन सम्बन्धमा। | लेटाङ नगरपालिका वडा नं. ९ को वडा कार्यालय भवन रंगरोगन तथा विद्युत जडान गर्न ४७५४३३।– रुपैया निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार शीर्षकबाट खर्च गर्ने गरी भएको निर्णय अनुमोदन गर्ने। |
| २१ | काजक्रिया खर्च सम्बन्धमा। | लेटाङ नगरपालिका वडा नं ५ का स्थायी बसोबासी श्री मनकुमारी राईको मिति:२०८०/०६/०८ गते मृत्यु भई निजहरूको काजक्रिया गर्न नसकेको भनी यस कार्यालयमा निवेदन प्राप्त भएको हुँदा निजलाई काजक्रिया खर्च स्वरूप आर्थिक सहायता कार्यबिधि,२०७७ को दफा ७ (ङ) बमोजिम रू १०,०००/- प्रदान गर्ने।( शिर्षकः विपन्न नागरिक आर्थिक सहयोग) |
| २२ | म्यादथप सम्बन्धमा। | यस लेटाङ नगरपालिका सँङ्ग FORE SIGHT ARCHITECTS PVT.LTD संग भएको सम्झौता अनुसारको समयमानै निर्धारित काम सम्पन्न गर्न कार्यालयको कामको चापका कारण समयको अभाव भएकाले PACKAGE NO LM/RFP/03/079-80 को मंसिर मसान्त सम्मलाई म्याद थपगर्ने। |
| २३ | बिपत राहात सम्बन्धमा। | लेटाङ नगरपालिका वडा नं ३ स्थित त्रिशुली टोलमा मिति:२०८०।०५।२० गतेका दिन गंगाप्रसाद राईको घरमा आगलागी भई मकैमा क्षति भएको हुँदा निजलाई रू१००००/- आर्थिक सहयोग गर्ने।(श्रोतः बिपत व्यवस्थापन कोष) |
| २४ | आर्थिक सहयोग सम्बन्धमा। | लेटाङ नगरपालिका वडा नं ४ मा अवस्थित आर.ए.डान्स क्रिउ (स्टुडियो) द्वारा नृत्यको क्षेत्रमा एक सक्षम कलाकार उत्पादन गर्ने उद्देश्य अनुरूप पूर्वान्चल क्षेत्र भरिका कलाकारहरूको नृत्य प्रतियोगिता "डान्स कुन्ज २०८०" आयोजना गर्ने भनी कार्यक्रमका लागि आर्थिक सहयोग माग गरेकोमा आर्थिक सहयोग रू१५००० प्रदान गर्ने।(श्रोतः चालु कार्यक्रम खर्च) |

नगर प्रमुख